दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १२० | बुटवल | २०८३ बैशाख १७ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday April 30, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं।
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


## अध्यादेश स्वीकृत नगर्न राष्ट्रपतिलाई विपक्षी दलहरूको आग्रह

**विपक्षी दलहरूको संयुक्त बैठकले सरकारको कदमलाई असंसदीय र अलोकतान्त्रिक ठहर गरेको छ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

संसद् अधिवेशन अन्त्य गरेर सरकारले धमाधम अध्यादेश ल्याएको भन्दै विपक्षी दलहरूले त्यसको घोर विरोध गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमालेलगायत चार विपक्षी दलले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सरकारले सिफारिस गरेका अध्यादेश स्वीकृत नगर्न राष्ट्रपतिसमक्ष आग्रहसमेत गरेका छन् ।

बुधबार नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेको अध्यक्षतामा बसेको विपक्षी दलहरूको संयुक्त बैठकले सरकारको कदमलाई असंसदीय र अलोकतान्त्रिक ठहर गरेको छ ।

वैठकपछि कांग्रेस संसदीय दलका नेता आङदेम्बे, नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल', नेपाली कम्युनिस्ट पार्टी संसदीय दलका प्रमुख सचेतक युवराज दुलाल र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की प्रतिनिधि सरस्वती लामाले हस्ताक्षर गरी संयुक्त विज्ञप्ति जारी गरेका हुन् ।

विज्ञप्तिमा सरकारले बैशाख १४ गते 'संवैधानिक परिषद्को काम कर्तव्य र अधिकारसम्बन्धी ऐन, २०६६' र 'सहकारी ऐन, २०७४' लाई संशोधन गर्ने दुईवटा अध्यादेश ल्याएको उल्लेख छ ।

त्यस्तै, वैशाख १५ गते 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी अध्यादेश', 'केही नेपाल कानुन संशोधनगर्नबनेकोअध्यादेश'र'विश्वविद्यालयसम्बन्धी अध्यादेश' जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको भन्दै विपक्षी दलहरूले आपत्ति जनाएका छन् ।

'संसद्को अधिवेशन आह्वान गरेलगत्तै स्थगन गरी यसरी अध्यादेश ल्याउनु घोर असंसदीय र अलोकतान्त्रिक कदम भएकाले हामी घोर विरोध, भर्त्सना र निन्दा गर्दछौँ ।'- संयुक्त विज्ञप्तिमा भनिएको छ । विपक्षी दलले सरकारले ल्याएका अध्यादेशहरू अविलम्ब फिर्ता गर्न जोडदार माग गरेका छन् । यस्तै राष्ट्रपतिलाई अनुरोध गर्दै संसद् छल्ने उद्देश्यका साथ मन्त्रिपरिषद्बाट सिफारिस भई आएका अध्यादेशहरू स्वीकृत नगर्न राष्ट्रपतिसमक्ष हार्दिक अनुरोध गरेका छन् ।

विपक्षीहरुले स्थगन गरिएको सङ्घीय संसद्को अधिवेशन अविलम्ब आह्वान गर्न जोडदार माग गरेका छन् ।  सरकारले यही बैशाख १४ गते संवैधानिक परिषदको काम कर्तव्य र अधिकार सम्बन्धी ऐन, २०६६ र सहकारी ऐन, २०७४ लाई संशोधन गर्ने दुई वटा अध्यादेशहरु तथा बैशाख १५ गते स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धि अध्यादेश, केही नेपाल कानुन संशोधन गर्न बनेको अध्यादेश र विश्वविद्यालय सम्बन्धि अध्यादेश जारी गर्ने निर्णय गरी राष्ट्रपति समक्ष सिफारिस गरेको थियो । चैत १७ गतेदेखि अधिवेशन बोलाइसकिएको थियो । राष्ट्रपतिले आह्वान गरिसकेको अधिवेशन, पत्रद्वारा सरकारले फिर्ता लियो । जुन नेपालको संसदीय इतिहासमै असामान्य घटना हो । यसअघि राष्ट्रपतिले आह्वान गरिसकेको अधिवेशन सरकारले फिर्ता लिएको इतिहास थिएन । सरकारले उल्टै संसदलाई रोक्यो । अध्यादेश ल्याउने सजिलो र कम उत्तरदायी बाटो रोज्यो । 'संसद् अधिवेशन निकट रहेको समयमा अध्यादेश ल्याउने बाटो राम्रो होइन,' संविधानविद् डा. विपिन अधिकारीले भन्छन्- 'यति ठूलो जनमत पाएको सरकारले पुरानो बाटो अपनाउनु कदापी राम्रो संकेत होइन ।'

### थप तीन अध्यादेश सिफारिस

बुटवल । सरकारले थप तीन वटा अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको छ ।

राष्ट्रपति कार्यालय स्रोतका अनुसार, बुधबार थप तीन वटा अध्यादेश जारी गर्न सरकारले सिफारिस गरेको हो ।

विश्वविद्यालय, स्वास्थ्य र केही नेपाल ऐन संशोधन गर्न बनेका अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस भएको हो ।

यसअघि सोमबार सरकारले दुई वटा अध्यादेश जारी गर्न सिफारिस गरेको थियो । त्यतिबेला सहकारी र संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सिफारिस गरेको थियो ।

## सरकार संविधान र लोकतान्त्रिक मूल्यविपरीत चल्यो : पौडेल

बुटवल । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पुष्पकमल दाहाल प्रचण्डको सत्ता कब्जा गर्ने सोच र उग्रवामपन्थी भड्कावका कारण माओवादी आन्दोलन अहिले विघटनको अवस्थामा पुगेको आरोप लगाएका छन् ।

बुधबार २७औँ यदु स्मृति दिवस तथा २४औँ यदु स्मृति पत्रकारिता पुरस्कार वितरण कार्यक्रममा बोल्दै उपाध्यक्ष पौडेलले प्रचण्डसँग अब कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्न सक्ने हैसियत नरहेको बताएका हुन् ।

पौडेलले २०६६ सालमा तत्कालीन प्रधानसेनापति रुक्माङ्गद कटवाललाई हटाउने सरकारको निर्णयमा एमालेले कडा असहमति जनाएको स्मरण गराए ।

उनका अनुसार एमालेले सरकारबाट बाहिरिने चेतावनी दिँदा पनि प्रचण्डले हठ नत्यागेका कारण अन्ततः सरकारको नेतृत्व नै गुमाउनुपरेको थियो ।

माओवादी शान्तिपूर्ण राजनीतिमा आएपछि पनि लोकतान्त्रिक पद्धतिलाई पूर्ण रूपमा आत्मसात् गर्न नसक्दा र सत्ता कब्जाको धङधडी नत्याग्दा आज सो पार्टीको अस्तित्व सङ्कटमा परेको पौडेलको तर्क थियो ।

उनले शान्तिपूर्ण आन्दोलनको बलमा मात्र राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापना भएको भन्दै हिंसाको बाटोले कुनै उपलब्धि नदिएको जिकिर गरे ।

'त्यतिबेला प्रचण्डजीले सेनाप्रमुख हटाएर आफ्नो अनुकूलको मान्छे राख्दै सत्ता कब्जा गर्ने रणनीति बुन्नुभएको थियो । हामीले उहाँलाई 'यो बाटो आत्मघाती हुन्छ' भनेर पटकपटक सम्झायौँ तर उहाँले मान्नुभएन,' पौडेलले भने- 'उहाँले 'म अगाडि बढिसकेँ, अल्झाउने काम नगर्नुस्' भनेर निकै कडा जवाफ दिनुभएको थियो ।'

उनले अहिले माओवादी सङ्गठनको अस्तित्व समाप्तप्रायः भएको दाबी गरे ।

'प्रचण्डले नेतृत्व गरेको भनिएको माओवादी अहिले माओवादी छैन । उसले माओवाद परित्याग गर्‍यो, जनयुद्ध परित्याग गर्‍यो र हिजोका उग्रवामपन्थी धङधडीबाट अलग भयो,' पौडेलले थपे, 'तर ठिक ढङ्गले हिँड्न नसक्दाखेरि कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्न सक्ने हैसियत त्यो सङ्गठन र नेतृत्वसँग छैन । माओवादी सिध्याइएको छ ।'

उपाध्यक्ष पौडेलले वर्तमान सरकारका गतिविधिहरू लोकतान्त्रिक मूल्यमान्यता र संवैधानिक मार्गदर्शनविपरीत रहेको आरोप लगाए । सरकारका पछिल्ला कामकारबाहीले जनतामा निराशा पैदा गरेको भन्दै उनले एमालेको गम्भीर ध्यानाकर्षण भएको बताए ।

सरकारले ट्रेड युनियन अधिकार र विद्यार्थीको सङ्गठित हुन पाउने अधिकारमाथि प्रहार गरिरहेको उनको आरोप थियो ।

'ट्रेड युनियन र विद्यार्थीहरूको सङ्गठित हुने अधिकार विश्वव्यापी रूपमा लोकतन्त्रवादी र कम्युनिस्ट दुवैले स्वीकार गरेको मान्य अभ्यास हो,' पौडेलले भने, 'तर वर्तमान सरकार यी अधिकारहरूको विरुद्धमा उभिनु विडम्बनापूर्ण छ । जनताबाट निर्वाचित सरकार सधैँ संविधानको मार्गदर्शनमा चल्नुपर्छ ।'

उनले पछिल्लो समय सरकारले संसद्लाई छलेर अध्यादेशमार्फत शासन चलाउन खोजेको भन्दै 'अध्यादेशको सिलसिला' सुरु भएकोमा आपत्ति प्रकट गरे ।

निर्वाचनको पराजयबाट पाठ सिकेर एमालेलाई पुनर्गठित गर्छौं

उपाध्यक्ष पौडेलले पछिल्लो निर्वाचन (२१ फागुन) मा पार्टीले बेहोर्नुपरेको नतिजालाई 'गम्भीर धक्का' का रूपमा स्वीकार गर्दै पार्टीलाई नयाँ सिराबाट पुनर्गठित गर्ने जिकिर गरे ।

विगत १० वर्षमा एमालेले दुईतिहाइ नजिकको सरकार बनाउनेजस्ता ठुला सफलता प्राप्त गरे पनि अहिलेको पराजयले नयाँ चुनौती खडा गरेको उनले बताए । यस विषयमा पार्टीभित्र गम्भीर समीक्षा हुने उनको भनाइ छ ।

'यसपटक अत्यन्तै नराम्ररी पराजित भएका छौँ, गम्भीर धक्का र असफलता बेहोर्नुपरेको छ । तर यो धक्कालाई चिरेर हामी उठ्छौँ, यसबाट शिक्षा लिन्छौँ,' पौडेलले भने, 'पछिल्लो पराजयबाट कतिपय मानिसहरूमा निराशा र पलायनको स्थिति देखापरेको छ । तर पलायन र निराशा समस्याको समाधान होइन ।'

उनले पार्टीको हारका पछाडि आन्तरिक कि बाह्य कारण जिम्मेवार छन्, नीति वा सङ्गठन जिम्मेवार छन् वा नेताहरूको कार्यशैली जिम्मेवार छ भन्ने विषयमा समग्र समीक्षा गरिने बताए ।

'हाम्रो नेतृत्व, कार्यतरिका, सङ्गठन, आचरण वा अभ्यासमा जहाँ-जहाँ त्रुटि देखिएका छन्, ती भुल र त्रुटिहरूका बारेमा हामी देशवासीहरूसामु निसङ्कोच क्षमायाचना गर्छौं ।'-उनले भने ।

आगामी दिनमा 'जनताको बहुदलीय जनवाद' (जबज) को मार्गदर्शनमा रहेर पार्टीको नीति र विचारलाई अद्यावधिक गरिने पौडेलले बताए। नेपालको कम्युनिस्ट आन्दोलनले बेलाबेलामा दक्षिणपन्थी र उग्रवामपन्थी अवसरवादको सामना गर्नुपरेको उल्लेख गर्दै उनले जबजको औचित्य अहिले पनि उत्तिकै रहेको दाबी गरे ।

'हाम्रा असफलता र पराजयले जनताको बहुदलीय जनवादको औचित्यलाई खण्डित गर्न सक्दैन,' पौडेलले भने- 'हाम्रो आत्मविश्वासको सबैभन्दा बलियो आधार नै जबज हो। यसैले हामीलाई हाम्रा भुलत्रुटिहरू देख्न, स्वीकार गर्न, सच्याउन र फेरि धुलो टक्टक्याएर उठ्न मार्गदर्शन गर्छ ।'

## तिलोत्तमा नगरपालिकाद्वारा सुलभ फार्मेसी सञ्चालन




तिलोत्तमा । तिलोत्तमा नगरपालिकाले सर्वसाधारणलाई सस्तो र सहज रूपमा औषधि उपलब्ध गराउने उद्देश्यसहित सुलभ फार्मेसी सञ्चालनमा ल्याएको छ । मणिग्राम चोकदेखि करिब सयमिटर उत्तरमा स्थापना गरिएको उक्त फार्मेसीको उद्घाटन नगर प्रमुख रामकृष्ण खाँण र उपप्रमुख जगेश्वर देवी चौधरीले संयुक्त रूपमा गरेका हुन् ।

उक्त फार्मेसी बुड्स मेडिको कन्सर्नको व्यवस्थापनमा पाँच वर्षका लागि सञ्चालन हुने गरी सम्झौता गरिएको छ । उद्घाटन समारोहमा बोल्दै नगर प्रमुख खाणले स्थानीय तहबाट नेपालमै पहिलोपटक यस्तो प्रयास गरिएको दाबी गरे । उनले गुणस्तरीय तथा मान्यताप्राप्त औषधि सहज रूपमा उपलब्ध गराउनु नगरपालिकाको प्राथमिकता रहेको उल्लेख गर्दै भौतिक विकाससँगै मानवीय विकासमा पनि ध्यान दिनुपर्ने बताए । फार्मेसीमार्फत औषधिमा २५.१० प्रतिशतसम्म छुट उपलब्ध गराइने जानकारी दिँदै उनले यसबाट आम नागरिकलाई राहत पुग्ने विश्वास व्यक्त गरे । साथै, सेवा प्रभावकारी बनाउन सबैको सहयोग आवश्यक रहेको उनले बताए ।

उपप्रमुख जगेश्वर देवी चौधरीले नगरपालिकाको यो पहलले नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सहजता ल्याउने बताइन् । उनले सुलभ र भरपर्दो औषधि सेवा विस्तारमा निरन्तरता दिनुपर्नेमा जोड दिइन् ।

प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले नगरपालिकाको नीति, कार्यक्रम तथा बजेटमै समावेश गरी फार्मेसी सञ्चालनमा ल्याइएको जानकारी दिए । उनले डाक्टरको प्रेस्क्रिप्सनका आधारमा गुणस्तरीय औषधि सस्तो मूल्यमा उपलब्ध गराइने व्यवस्था मिलाइएको बताए ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका नगर सभापति रुस्तम कंडेलले नगरपालिकाको यो कामलाई उदाहरणीय भन्दै सेवा थप विस्तार गर्नुपर्ने र नियमित अनुगमन आवश्यक रहेको बताए। नेकपा एमालेका नगर अध्यक्ष मिन प्रसाद पोखेलले नगरबासीको हितमा गरिएको कार्य भएकाले यसको सफल कार्यान्वयनका लागि सबै पक्षको सहयोग र निगरानी आवश्यक रहेको धारणा राखे । नेपाली कांग्रेसका सभापति हरिलाल पाण्डेले घरघरमै औषधि सेवा सहज बनाउने दिशामा यो पहल महत्वपूर्ण भएको उल्लेख गरे ।

कार्यक्रममा तिलोत्तमा चेम्बर अफ कमर्सका अध्यक्ष नेत्र प्रसाद न्यौपाने, तिलोत्तमा-५ का वडा अध्यक्ष रमेश डुम्रे,स्वास्थ्य शाखाका अधिकृत तथा स्वास्थ्य निरीक्षक रामप्रसाद ढकालले पनि आफ्ना धारणा राखेका थिए । सो फार्मेसीको सटर भाडा नगरपालिकाले व्यवस्थापन गर्ने छ भने औषधि खरिद बिक्री बुड्स मेडिकोले नै गर्ने छ ।

सम्झौताअनुसार फार्मेसी रहेको घरभाडा नगरपालिकाले वार्षिक २ लाख ५० हजार तिरिदिने छ । फार्मेसीमा सबै देश र कम्पनीका औषधि उपलब्ध हुनेछन् ।

नगरपालिकाका कार्यपालिका सदस्य सुरेन्द्र श्रीले दीर्घरोगी र नियमित औषधि सेवा गर्ने बिरामीलाई सेवा दिन प्राथमिकता दिएर फार्मेसीको अवधारणा पालिकाले अघि सारेको बताए । यसले बजारका फार्मेसीबाट महँगो मूल्यमा औषधि किन्नुपर्ने बाध्यता हटाउन यसले सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

## एमसीसीअन्तर्गतको धानखोला-लमही सडक

दाङ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत करिब ४० किलोमिटर लामो धानखोला-लमही सडक खण्डको स्तरोन्नति कार्य औपचारिक रूपमा सुरु भएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शिलान्यास गर्दै सडक स्तरोन्नतिको काम प्रारम्भ गरेका हुन् ।

यस सडक स्तरोन्नति तथा मर्मत कार्यमा नेपालमै पहिलो पटक फूल डेप्थ रिक्लेमेशन (एफडीआर) र सुपरपेभ आस्फाल्ट जस्ता अत्याधुनिक प्रविधि प्रयोग गरिने भएको छ ।

यी प्रविधिले पुराना सामग्री पुनःप्रयोग गर्दै सडकलाई बलियो, टिकाउ र वातावरणमैत्री बनाउने लक्ष्य राखेका छन् । यसबाट दीर्घकालीन रूपमा लागत घट्ने र सडक मर्मतको गुणस्तर बढ्ने अपेक्षा गरिएको छ । आयोजनाअन्तर्गत सडकको दुवैतर्फ सात मिटर चौडा क्यारिजवे र साढे दुई-दुई मिटर सोल्डर निर्माण गरी कुल १२ मिटर चौडाइ कायम गरिनेछ ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले अत्याधुनिक प्रविधिको प्रयोग सराहनीय भएको बताए। उनले यस सडक स्तरोन्नतिले यात्रालाई सुरक्षित र भरपर्दो बनाउनुका साथै स्थानीय व्यवसाय, कृषि र उद्यममा सकारात्मक प्रभाव पार्ने उल्लेख गरयो । साथै, स्थानीयको अपेक्षाअनुसार सडक सुधार र स्तरोन्नतिको काम अघि बढाउनुपर्नेमा जोड दिए ।

नेपालका लागि संयुक्त राज्य अमेरिकाका कार्यवाहक राजदूत स्कट अर्बमले नेपाल-अमेरिका साझेदारीको महत्वपूर्ण उदाहरणका रूपमा यस आयोजनालाई लिनुपर्ने बताए। उनले ढुवानी लागत घटाउने, सडक सुरक्षा अभिवृद्धि गर्ने र स्थानीय समुदायलाई बजारसँग जोड्ने लक्ष्यमा यो परियोजना केन्द्रित रहेको स्पष्ट पारे ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सह-सचिव सुशील बाबु ढकालले एमसिए-नेपालको लगानी सरकारका योजना तथा कार्यक्रमको पूरकका रूपमा रहेको बताए । यस सहकार्यले पूर्वाधार विकास र आर्थिक अवसर विस्तारमा टेवा पुग्ने विश्वास उनले व्यक्त गरे ।

एमसीसीका राष्ट्रिय आवासीय उप-निर्देशक सञ्जय पौड्यालले दीर्घकालीन कार्यसम्पादन सुनिश्चित गर्ने प्रविधिमार्फत् लागत प्रभावकारी पूर्वाधार निर्माणमा सहयोग पुग्ने बताए ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# विस्थापित उद्योगीलाई क्षतिपूर्ति देऊ

सर्वोच्च अदालतले बुद्ध जन्मस्थल लुम्बिनीबाट १५ किमि क्षेत्रभित्र पर्ने सबै उद्योगलाई खाली गराउन पत्राचारसहित निर्देशन दिएको छ। विश्व सम्पदामा सूचीकृत लुम्बिनीका पूरातात्विक संरचनामा यहाँका उद्योगले गर्ने प्रदुषणले असर गरेको भन्दै अदालतले प्रदूषण फैलाउने उद्योगलाई हटाएर सम्पदा संरक्षणमा जोड दिनु जति स्वभाविक छ, विस्थापित उद्योगलाई राहत र क्षतिपूर्तिको प्याकेज उत्तिकै आवश्यक छ।

सरकारले पहिले नै गल्ती गऱ्यो, सम्पदा क्षेत्रमा उद्योग खोल्न दिएर गरेको गल्ती अहिले उद्योगीले भोग्दै छन् । सम्पदा क्षेत्रमा उद्योग खोल्न दिनु सरकारको कमजोरी हो। सम्पदा संरक्षणप्रति राज्यको संवेदनशिलताको अभावले उद्योगीले यातायातको सहज पहुँच र अन्य पूर्वाधार राम्रो भएको ठाउँमा उद्योग खोले । सम्पदास्थल आसपासमा ठूलो लगानीको उद्योग खोल्नु जोखिम हुन्छ भन्ने उद्योगी व्यवसायीले पनि हेक्का राखेनन्। सम्पदा क्षेत्र आसपास उद्योग खोल्दा अपनाउनुपर्ने सतर्कताको कमजोरीको मारमा अहिले उद्योगी पर्दैछन्। लुम्बिनी–भैरहवा करिडोरमा १२ सिमेन्टसहित दुई दर्जन उद्योग छन् । सर्वोच्च अदालतले गत भदौ १ गते लुम्बिनी क्षेत्रको १५ किमीभित्र सञ्चालित प्रदूषणकारी उद्योग दुई वर्षभित्र बन्द गर्न वा अन्यत्र सार्न  सरकारलाई परमादेश दिएको थियो । सर्वोच्च अदालतले लुम्बिनी क्षेत्रको १५ किलोमिटर भित्र सञ्चालित प्रदूषणकारी उद्योगहरु अब खोल्नका लागि स्वीकृति नदिन पनि भनेको छ।

सर्वोच्चको फैसलाले बुद्ध जन्मस्थल लुम्बिनीबाट १५ किमी दूरीभित्र सञ्चालित कार्बन उत्सर्जन गर्नेउद्योग दुई वर्षभित्र स्थानान्तरण गर्नैपर्ने बाध्यतामा छन् ।  अदालतको फैसला कार्यान्वयन बाध्यकारी हुन्छ। यो फैसला कार्यान्वयन गर्न अदालतले सरकारलाई भनिसकेको सन्दर्भमा अब राज्यको जवाफदेहीता र कर्तव्य देखिनुपर्छ। के सरकारले अर्बौं लगानीका उद्योगलाई बन्द गर्न वा अन्यत्र सार्न कुनै क्षतिपूर्ति विना सम्भव छ  ? यदि सरकारले उद्योगलाई राहत र क्षतिपूर्तिको प्याकेज  ल्याएन भने त्यसले मुलुकको औद्योगिक विकास र रोजगारी श्रृजनामा दुरगामी असर देखिने छ। राज्य आफ्नो दायित्व र कर्तव्यबाट विमुख भयो भने साँच्चिकै लगानीकर्तामा निराशा आउँछ। मुलुकमा औद्योगिक लगानीको वातावरण बिथोलिन्छ।

अब राज्यले क्षतिपूर्ति र राहतको प्याकेजका आधारमा उद्योग स्थानान्तरण गर्नुपर्छ । राज्यले यहाँ सञ्चालित उद्योगलाई उपयुक्त ठाउँमा जग्गाको व्यवस्थापन गर्नसक्छ। बैंक व्याज र करमा  सहुलियत प्रदान गर्न सक्छ। ठूलो लगानीका उद्योगलाई यहाँबाट विस्थापित गर्दा के-के गर्न सकिन्छ त्यसबारेमा सरोकारवालासँग बसेर टुंगो लगाउनुपर्छ । अदालतले आदेश दियो, अनिवार्य उद्योगीले छोड्नुपर्छ भन्ने मानसिकता राखेर समस्याको समाधान र व्यवस्थापनमा ध्यान दिइएन भने त्यसले लगानी र रोजगारीको वातावरण बिथोलिन्छ भन्ने हेक्का राखेर सरकारले कार्ययोजना बनाएर काम गर्नुपर्छ।

# विवाद छाडौँ, एकजुट भई अघि बढौँ



**डा. चन्द्र भण्डारी**

> अबका दिनमा युवाका लागि युवा, विचारका लागि विचार, तर्कका लागि तर्क, इच्छाशक्तिका लागि इच्छाशक्ति, इमानदारीका लागि इमानदारी नै एक-अर्काका प्रतिस्पर्धी बन्नुपर्छ। विगतमा हामीले धेरै हेर्‍यौँ र अनुभव पनि गर्‍यौँ, उल्लिखित कुराको अभावका कारण पुराना, स्थापित र ऐतिहासिक राजनीतिक दललाई जनताले पछाडि धकेलिदिए। अब अगाडि बढ्नका निम्ति यिनै बुँदालाई नै हामीले प्रतिस्पर्धाको आधार बनाउनुपर्छ। त्यसले सफलताको बाटो मात्र दिँदैन, टिकाउ र विश्वासिलो नेतृत्वको आधार पनि दिनेछ।

नेपाली कांग्रेसले नेपाली जनताको अधिकार र समृद्धि तथा मुलुकको बृहत्तर हित र विकासका निम्ति आफ्नो स्थापनाकालदेखि नै अत्यन्त महत्वपूर्ण र नेतृत्वदायी काम गर्दै आएको तथ्य कसैबाट लुकेको छैन। यसका लागि कांग्रेसले इतिहासदेखि नै व्यावहारिक, नैतिक र पारदर्शी नेतृत्व देश र जनतालाई दिँदै आएको छ। कांग्रेसका त्यागी, बेदागी र सादगी नेताका कारण देशमा शासन व्यवस्था परिवर्तनका लागि पटकपटक भएका आन्दोलनका अग्रमोर्चामा रहेर आत्मबलिदान गर्न नेपाली जनता कहिल्यै हिच्किचाएनन्। देशमा भएका हरेक राजनीतिक परिवर्तनमा कांग्रेसकै नेतृत्व रह्यो र जनताले मन, वचन र कर्मले कांग्रेस र उसले आह्वान गरेको संघर्षलाई साथ दिए। जसले गर्दा २००७ सालको राणाशासनविरोधी सशस्त्र क्रान्तिदेखि ०४६ र ०६२/६३ को पहिलो र दोस्रो जनआन्दोलनसँगै ०७२ को संविधान लेखन तथा जारी गर्ने प्रक्रियामा समेत नागरिकको अपार सहभागिता तथा कांग्रेसको नेतृत्वदायी भूमिका रह्यो। जसले गर्दा कांग्रेसलाई आमजनताले निर्वाचनको मोर्चामा पनि पटकपटक विश्वास गर्दै आए।

तर, यस्तो लोकप्रिय र ऐतिहासिक विरासत बोकेको दल जबजब सत्तामा पुग्यो, तबतब आन्तरिक द्वन्द्व र मनमुटावको सिकार बन्यो। गणेशमानजी, किशुनजी र गिरिजाबाबुबिच मात्र होइन, स्वयं कांग्रेसका संस्थापक नेता बिपी र सुवर्णजीमा पनि सत्ताप्राप्तिपछि आपसी बेमेल, असमझदारी र मनमुटाव देखिए। व्यक्तित्वको टकरावसम्बन्धी कांग्रेस इतिहास हेर्दा एउटै व्यक्ति लामो समयसम्म पार्टी हाई कमान्ड र राज्यसत्ताको नेतृत्वमा रहँदा यस्ता द्वन्द्व हुँदा रहेछन् जस्तो देखिन्छ। यहाँनेर सत्ता भनेकै द्वन्द्व, आपसी बेमेल, असन्तुष्टि र असमझदारीको आधार त होइन भन्ने प्रश्न पनि उठ्न सक्छ।

कांग्रेसले देशमा एक दशक लामो सशस्त्र द्वन्द्व अन्त्य गर्न नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो। दुई-दुईपटक संविधानसभाको निर्वाचन गराएर भए पनि ०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी गराउने कार्यको नेतृत्व पनि कांग्रेसले नै गऱ्यो। कांग्रेसको नेतृत्वमा समानुपातिक, समावेशी, प्रतिनिधिमूलक संविधान बन्यो। तर, सत्तामा पुगिसकेपछि उही कांग्रेसले त्यही संविधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेन। संविधानमा समानुपातिक व्यवस्था समावेश गराउने कांग्रेसले समानुपातिक संस्कारअनुरूप प्रतिनिधित्व गराउनुभन्दा पनि समाजमा खाइपाई आएका, हुनेखाने र पहुँचवालाकै मात्र प्रतिनिधित्वमा ध्यान दियो, यसले गर्दा पनि समाजमा असन्तुष्टि बढ्दै गयो, संविधान कार्यान्वयनमै अप्ठ्यारो अवस्था सिर्जना भयो। विभिन्न संवैधानिक निकायमा हुने नियुक्तिमा पनि समस्या देखियो। भागबन्डाको अपसंस्कृति भित्रियो। जसले गर्दा सही मान्छे, सही ठाउँमा, सही समयमा आउन सकेनन्। राजनीतिक नियुक्तिका पदहरू व्यापारका विषय बने। ती पद नेता र तिनका आसेपासेले थापेका पसलजस्ता देखिए।

हामीले बनाएको यति राम्रो संविधानमा एउटा व्यक्ति दुईपटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था राख्नुपर्थ्यो। हामी त्यहाँ चुक्यौँ। संविधान निर्माणमा प्रत्यक्ष, अप्रत्यक्ष जोडिएका हामी सबैले यसको जिम्मेवारी लिनैपर्छ। हामीले गरेको कमजोरीका कारण लामो समयसम्म एउटै व्यक्ति पटकपटक सत्तामा दोहोरिइरहने परिस्थिति आयो। इतिहासमा बढीपटक प्रधानमन्त्री बनेको कीर्तिमान लेखाउने 'होड' देखियो। यसले गर्दा सत्तामा सीमित व्यक्तिको 'सिन्डिकेट' चल्यो। सत्तामा रहेका 'मुखिया'का आसेपासे र आफन्तले पूरै राज्यसत्तामाथि कब्जा गरे। बिचौलिया र माफियाको इसारामा राज्यसत्ता चल्न थाल्यो। पैसाको अपारदर्शी चलखेल सुरु भयो। नेताहरूमा हामीलाई कसले के गर्न सक्छ र भन्ने अहं जन्मियो। पार्टी, राजनीतिक सिद्धान्त, त्याग र पारदर्शिता गौण भयो। नेताहरूको यही सिन्डिकेटले आममानिसमा व्यापक निराशा र असन्तुष्टि जन्मायो। यही असन्तुष्टि र निराशा नै कांग्रेस र अन्य पुराना राजनीतिक दलका लागि गम्भीर चुनौतीको पहाड बनेर उभिएको छ अहिले।

नयाँ सरकार बनेसँगै विभिन्न क्षेत्रका धेरै व्यक्ति भटाभट गिरफ्तारीमा परिरहेका छन् र अझै धेरै व्यक्ति तानिन सक्ने सूचीमा छन् भन्ने सुनिन्छ। सरकारले आयोग बनाएर सुरु गरेको सम्पत्ति छानबिनले पुराना दल र नेतालाई कहाँ पुऱ्याउने हो, त्यसको परिणाम देखिन बाँकी नै छ।

अहिले युवाहरूको हातमा सरकार आएको छ। संसद्मा पनि युवा अनुहारकै बाहुल्य छ। ३५ वर्षका एक युवाको हातमा सत्ताको बागडोर सुम्पेका छन् नेपाली जनताले। देश, जनता र लोकतन्त्रका लागि लामो समय जेलनेल भोगेका, त्याग गरेका, आफ्नो क्षेत्रमा विकास, निर्माण र जनताको समृद्धिका लागि राम्रै काम गरेका पाका र अनुभवी नेतालाई राजनीतिमा खासै नसुनिएका युवाले यसो हात हल्लाएको भरमा ठाउँका ठाउँ पाखा लगाए। जनताले पनि तिनै युवा अनुहारलाई विश्वास गरे। स्वदेशमा रहेका र विदेशी भूमिमा पसिना बगाइरहेका कसैले पनि पुराना पार्टीलाई विश्वास गरेको देखिएन।

यस्तो अवस्थामा अब नयाँ दलका युवासँग पुराना दलका पनि युवाले नै प्रतिस्पर्धा गर्नुपर्छ। विचारले विचारसँग, जोस, जाँगरले जोस, जाँगरसँग, ज्ञानले ज्ञानसँग, प्रविधिले प्रविधिसँग, तर्कले तर्कसँगै प्रतिस्पर्धा गर्नुपर्छ अब। यस्तो अवस्थामा कांग्रेसमा पनि युवाहरूको काँधमा नेतृत्व आएको छ। यसअघि कांग्रेसमा नियमित महाधिवेशन कि विशेष महाधिवेशन भन्ने विवाद थियो। विवादकै बिचमा विशेष महाधिवेशन सम्पन्न भयो। पार्टीभित्र विवाद भए पनि विशेष महाधिवेशनको नेतृत्वलाई निर्वाचन आयोगले वैधानिकता दियो। पार्टी नयाँ नेतृत्वलाई स्विकारेर निर्वाचनमा गयो। केही साथीहरू विशेष महाधिवेशनविरुद्ध रिट लिएर सर्वोच्च अदालत जानुभयो। तर, अहिले सर्वोच्चले पनि उहाँहरूको रिट खारेज गरी विशेष महाधिवेशनको विवादलाई कानुनी हैसियतमा टुंग्याइदिएको छ।

अब यो विवादलाई थप लम्ब्याउने कि विवादलाई थाती राखेर मिलेर पार्टी सुदृढीकरणको बाटोमा जाने, निर्णय हामीले नै गर्नुपर्छ। अब पनि यो विवादलाई लम्ब्याइयो भने त्यसबाट पार्टी, नेता र कार्यकर्ताका लागि कुनै उपलब्धि हुनेवाला छैन। अहिले जजसले विवाद गर्दै हुनुहुन्छ, पार्टीको विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई स्विकार्न सकिरहनुभएको छैन, उहाँहरूले यसअघि पटकपटक लाभका पदमा पुग्ने अवसर पाउनुभएको छ। अहिले पनि उहाँहरूको असन्तुष्टि पदका लागि मात्र हो। अबका दिनमा नयाँ नेतृत्वका कारण हामीले विगतमा जस्तै पद पाउँदैनौँ कि भन्ने चिन्ता मात्र हो, उहाँहरूको। तर, अब उहाँहरूलाई नेतृत्वमा फर्किन र विगतमा जस्तै पदमा रहन समयले पनि दिँदैन। अहिलेको सरकारले यो पाँच वर्ष र अर्को थप पाँच वर्ष सत्ता सम्हाल्यो भने त्यतिन्जेलसम्ममा अहिले कांग्रेसमा विवाद गरिरहनुभएका आदरणीय नेताहरूको राजनीतिक जीवनको अवसान भइसकेको हुनेछ। यतिखेर कांग्रेसमा नेतृत्वमा आउनुभएका गगन, विश्वलगायत साथीलाई समयले पनि साथ दिएको छ। उहाँहरूबाट पार्टी जीवनमा राम्रो हुने आमविश्वास पनि छ र कुनै कमीकमजोरी भएमा त्यसलाई सच्याउने ठाउँ र समय दुवै छ।

यो कांग्रेस, त्यसका नेता तथा कार्यकर्ता सबैका लागि गम्भीर चुनौतीको घडी हो। पछिल्लो निर्वाचनमा आममतदाताले कांग्रेसको रुख चिह्नमा विश्वास गरेनन्, उनीहरूले कांग्रेसका वाचालाई पत्याएनन् र कांग्रेसलाई मत दिएनन्। कांग्रेसका हामी उम्मेदवारहरू निकै ठुलो मतान्तरमा पराजित भयौँ। हारको यो विशाल अन्तरलाई 'मेकअप' गर्न र अहिले उदाएका युवाहरूको टिमसित प्रतिस्पर्धा गर्नका लागि पनि कांग्रेसको नयाँ नेतृत्व नै योग्य र सक्षम छ। पार्टीको वर्तमान नेतृत्वलाई अहिले विवाद गरिरहेका नेताहरूले बाहिरै बसेर आफ्नो अनुभवको बलमा साथ र सहयोग दिनु बुद्धिमानी हुन्छ।

राजनीतिमा कहिले को सत्तामा पुग्छ, कहिले को। कसैले राम्रो गऱ्यो भने पाँच वर्षपछि पनि पुनः दोहोरिन सक्छ। राम्रो गर्न सकेन भने जनताले उसलाई हटाएर अर्कोलाई सत्तामा पुऱ्याउँछन्। त्यसैले पनि अहिलेको सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को टिमसित प्रतिस्पर्धा गर्न, जनतामाझ गएर विश्वास जगाउन र अहिले गुमेको पार्टीको साख फर्काउन पनि कांग्रेसको वर्तमान टिम नै सशक्त छ। यो टिमलाई हामी सबैको साथ र सहयोग भने आवश्यक छ।

अहिले एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायत दलका नेताले पार्टी एकता या गठबन्धन गर्ने हल्ला पनि सुनिँदै छ। तर, यतिबिघ्न जनमत खस्केको समयमा पुराना नेताले पार्टीभित्र आफ्नो पद सुरक्षित राख्न गरेको एकता या गठबन्धनको कुनै अर्थ छैन। यस्तो गठबन्धन या एकता नेपाली समाजमा अहिले बिल्कुलै असान्दर्भिक भइसकेको छ। उहाँहरूले पार्टीमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरण गर्नका लागि त्यस्तो एकता या गठबन्धनको प्रयास गर्दै हुनुहुन्छ भने त्यो स्वागतयोग्य नै हुन्छ। अन्यथा, आआफ्नो पदीय हैसियत जोगाउने लोभलालचले दौडधुप गरेर कहीँ पुगिँदैन, जनताको विश्वास जित्न सकिँदैन। अहिले विचार, दृष्टिकोण, इमानदारी, पारदर्शिता र सुशासनको युग सुरु भएको छ। वर्तमान सरकारले पनि पारदर्शिता र सुशासन दिन सक्यो भने मात्र यो अगाडि बढ्न सक्छ।

अबका दिनमा कांग्रेसले पनि विगतकै बाटोबाट हिँडेर हुँदैन। आफूले विगतमा गरेका राम्रा कामलाई जनतामाझ लाने र विगतमा भएका गल्ती, कमी, कमजोरीलाई स्विकारेर भविष्यमा सच्चिने र सच्याउने प्रतिबद्धतासाथ जान सक्नुपर्छ। साथै, वर्तमान सरकारले राम्रो काम गरेमा उसलाई साथ र सहयोग दिने अनि गलत गरेमा खबरदारी गरी त्यसलाई सच्याउन दबाब दिन सक्नुपर्छ। त्यति गर्दा पनि सच्याउन नसके भविष्यमा आफूले मौका पाएमा सच्याउने प्रतिबद्धता जनतासामु गर्न सक्नुपर्छ। अब कसैलाई गालीगलोज गर्दैमा कसैले राम्रो भन्दैन।

आफूले नेपाल विद्यार्थी संघको नेतृत्व तहमा रहेर राजनीति गर्दा मातहतमा रहेर काम गर्ने गगनजी, विश्वजी, गुरुजी, प्रदीपजीजस्ता नेताको नेतृत्व विकासमा मेरो पनि कुनै न कुनै भूमिका रह्यो होला भन्ने सम्झिँदा अहिले गर्व लाग्छ। कांग्रेसको भविष्य सुरक्षित गर्न कसैले सक्छ भने त्यो वर्तमान नेतृत्वले नै सक्छ। विगतको विकृतिको भारी बोकेर अब अगाडि जान सकिन्न। भागबन्डाका नाममा अब पनि जसलाई पायो त्यसैलाई नेतृत्वमा ल्याउने र गलत संस्कृतिलाई प्रोत्साहित गर्ने हो भने जनताले विश्वास गर्दैनन्। आजको २१औँ शताब्दीको विश्वमा नेता को छ भन्ने भन्दा पनि नेताको पछाडि बसेर उसलाई अघि बढाउने व्यक्ति कस्ता छन्, त्यो बढी महत्वपूर्ण हुन्छ।

अबका दिनमा युवाका लागि युवा, विचारका लागि विचार, तर्कका लागि तर्क, इच्छाशक्तिका लागि इच्छाशक्ति, इमानदारीका लागि इमानदारी नै एक-अर्काका प्रतिस्पर्धी बन्नुपर्छ। विगतमा हामीले धेरै हेर्‍यौँ र अनुभव पनि गर्‍यौँ, उल्लिखित कुराको अभावका कारण पुराना, स्थापित र ऐतिहासिक राजनीतिक दललाई जनताले पछाडि धकेलिदिए। अब अगाडि बढ्नका निम्ति यिनै बुँदालाई नै हामीले प्रतिस्पर्धाको आधार बनाउनुपर्छ। त्यसले सफलताको बाटो मात्र दिँदैन, टिकाउ र विश्वासिलो नेतृत्वको आधार पनि दिनेछ।  नयाँ पत्रिकाबाट

# हेमोफिलियामा फिजियोथेरापी किन अत्यन्त महत्वपूर्ण छ ?

श्याम सुन्दर यादव

**हेमोफिलिया के हो ?**

हेमोफिलिया एउटा अनुवांशिक रगत जम्ने समस्या हो, जसमा शरीरमा आवश्यक "रक्त जमाउने तत्व" (क्लोटिङ फ्याक्टर VIII वा IX) को कमी हुन्छ। यस कारण सामान्य चोटपटक हुँदा पनि रगत लामो समयसम्म बगिरहन्छ वा शरीरभित्र विशेष गरी जोर्नी र मांसपेशीमा रक्तस्राव हुन्छ।

बारम्बार हुने यस्तो आन्तरिक रक्तस्रावले जोर्नीहरूमा दीर्घकालीन क्षति पुऱ्याउँछ, जसलाई 'हेमोफिलिक आर्थ्रोप्याथी' भनिन्छ। यदि समयमै उपचार र पुनर्स्थापना सेवा (फिजियोथेरापी) नदिइएमा बिरामीमा स्थायी अपांगता समेत हुन सक्छ।

**नेपालमा हेमोफिलियाको अवस्था**

- अनुमानित बिरामी संख्याः विश्वव्यापी अनुपात अनुसार नेपालमा करिब ३,००० देखि ३,५०० जनासम्म हेमोफिलियाका बिरामी हुन सक्ने अनुमान छ।
- पहिचान भएका बिरामीः हालसम्म करिब ८५० भन्दा बढी बिरामी मात्र पहिचान भएका छन्।

– **निष्कर्षः**

धेरै बिरामी अझै पनि पहिचान, उपचार तथा पुनर्स्थापना सेवाको पहुँच बाहिर रहेका छन्।

यसले नेपालमा हेमोफिलिया सम्बन्धी सचेतना, उपचार सेवा र फिजियोथेरापी विस्तारको आवश्यकता स्पष्ट देखाउँछ।

**हेमोफिलियामा देखिने मुख्य समस्या**

हेमोफिलियाका बिरामीमा निम्न समस्या सामान्य रूपमा देखिन्छन् :

- जोर्नीभित्र रक्तस्राव (हेमार्थ्रोसिस), विशेष गरी घुँडा, कुहिना, कुम र हिप
- दुखाइ र सुन्निनु
- जोर्नी कडा हुनु
- हिँडडुल गर्ने क्षमता घट्नु
- बारम्बार रक्तस्रावका कारण दीर्घकालीन जोर्नी बिग्रिने
- मांसपेशी कमजोर हुनु
- नाकबाट रगत बग्नु वा दाँत माझ्दा रगत आउनु

यी समस्याहरू समयसँगै गम्भीर बन्दै जान सक्छन्, जसले बिरामीको दैनिक जीवनमा प्रत्यक्ष असर पार्छ।

**हेमोफिलियामा फिजियोथेरापी किन महत्वपूर्ण ?**

**१. दुखाइ र सुन्निनु कम गर्न**

फिजियोथेरापीमा प्रयोग गरिने आइस थेरापी, आरामदायक अवस्थापन तथा हल्का व्यायामले रक्तस्रावपछि हुने दुखाइ र सुन्निनु कम गर्न मद्दत गर्छ।



**२. जोर्नीको चलायमानता जोगाउन**

रक्तस्रावपछि जोर्नी कडा हुने सम्भावना हुन्छ। नियमित र सुरक्षित व्यायामले जोर्नीको चलायमानता कायम राख्छ।

**३. मांसपेशी बलियो बनाउन**

मांसपेशी बलियो भएमा जोर्नीमा पर्ने दबाब कम हुन्छ र पुनः रक्तस्राव हुने जोखिम घट्छ।

**४. दीर्घकालीन अपांगता रोक्न**

समयमै फिजियोथेरापी नगरेमा जोर्नी स्थायी रूपमा बिग्रन सक्छ। फिजियोथेरापीले यो जोखिम कम गर्छ।

**५. दैनिक कार्य क्षमता सुधार गर्न**

हिँड्ने, बस्ने, उठ्ने, सिँढी चढ्ने जस्ता दैनिक क्रियाकलाप सहज बनाउन फिजियोथेरापीले मद्दत गर्छ।

**६. पुनः रक्तस्राव रोक्न**

सुरक्षित व्यायाम र जोर्नी संरक्षण सम्बन्धी प्रविधि सिकाइने भएकाले भविष्यमा हुने रक्तस्रावको जोखिम घट्छ।

हेमोफिलियामा फिजियोथेरापीका मुख्य उपाय

एक्युट अवस्था (पहिलो ४८-७२ घण्टा)

आरआइसीइ सिद्धान्त
आराम
बरफ प्रयोग
हल्का दबाब
उचालेर राख्ने
पीओएलआइसीई सिद्धान्त (भार पर्ने जोर्नीमा)

**७२ घण्टापछि**

- जोर्नी चलायमान व्यायाम
- मांसपेशी बलियो बनाउने व्यायाम
- जोर्नी संरक्षण प्रविधि
- दैनिक क्रियाकलाप अभ्यास (Functional training)
- सन्तुलन तथा समन्वय सुधार अभ्यास

सन्तुलन सुधार हुँदा लड्ने सम्भावना कम हुन्छ र यसले रक्तस्रावको जोखिम पनि घटाउँछ।

**विशेष सावधानी**

- व्यायाम गर्दा विशेषज्ञ फिजियोथेरापिस्टको सल्लाह आवश्यक
- अत्यधिक कडा वा ठोक्किने खेलबाट बच्नुपर्छ
- रक्तस्रावको संकेत देखिएमा तुरुन्त विश्राम लिनुपर्छ
- नियमित अनुगमन आवश्यक हुन्छ

हेमोफिलिया दीर्घकालीन रोग हो जसले विशेषगरी जोर्नी र मांसपेशीमा असर गर्छ। फिजियोथेरापी हेमोफिलियाको उपचारमा केवल सहयोगी सेवा मात्र होइन, अत्यावश्यक पुनर्स्थापना प्रक्रिया हो। यसले दुखाइ कम गर्ने, जोर्नी बचाउने, हिँड्डुल क्षमता सुधार गर्ने तथा भविष्यमा हुने अपांगता रोक्ने महत्त्वपूर्ण भूमिका खेल्छ। समयमै गरिएको फिजियोथेरापीले हेमोफिलियाका बिरामीलाई सक्रिय, आत्मनिर्भर र गुणस्तरीय जीवनयापन गर्न सहयोग पुऱ्याउँछ।

स्वास्थ्य खबरबाट

दैनिक लुम्बिनी
रु.जि.हु.द.नं.१३/०६३/०६४
२०८३ बैशाख १७, गते बिहीबार
Thursday April 30, 2026
न.प.जि.प्र.का.द.नं.४/०४५/०४६


# नि:शुल्क ट्रलीबस सेवा सुरु



जानकी (बाँके) । नेपालगञ्ज विमानस्थलमा मंगलबारदेखि यात्रुहरूका लागि निःशुल्क ट्रलीबस सेवा सञ्चालनमा ल्याइएको छ । नागरिक उड्डयन प्राधिकरणद्वारा उक्त सेवा सञ्चालनमा ल्याइएको हो ।

विमानस्थलदेखि राँझा चोकसम्म करिब दुई किलोमिटर दूरीमा यात्रुलाई आवतजावत सहज बनाउने उद्देश्यले ट्रलीबस सेवा सञ्चालन गरिएको नेपालगन्ज विमानस्थल कार्यालयले जनाएको छ ।

विशेषगरी वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा धेरै सामान बोकेर यात्रा गर्ने यात्रुलाई लक्षित गर्दै यो सेवा सुरु गरिएको हो ।

उक्त सेवा लिएकी यात्री सरिता शर्माले निःशुल्क ट्रलीबस सेवाले विशेष राहत मिलेको बताइन् । “म काठमाडौँबाट नेपालगञ्ज आएकी हुँ । यहाँ झर्दा अटोले लिने चर्को शुल्क र अटोवालासँग ‘बार्गेनिङ’ गर्दा खेप्नुपर्ने गर्मी यी दुवैबाट छुटकारा पाएको अनुभूति भएको छ ।”-उनले भनिन् ।

नेपालगञ्ज विमानस्थल प्रमुख सन्तोषकुमार पोखरेलले यात्रुहरूको सुविधालाई प्राथमिकतामा राखेर सेवा विस्तार गरिएको बताए । उनले भने-“करिब २५ सिट क्षमता रहेको यो बस पूर्ण रूपमा अपाङ्गमैत्री छ। शारीरिक रूपमा असहजता भएका यात्रुहरूलाई समेत सहज पहुँच होस् भन्ने सोंचका साथ यसको सञ्चालन गरिएको हो ।”

नागरिक उड्डयन प्राधिकरणका अनुसार विमानस्थलको सेवा प्रवाहलाई थप व्यवस्थित, आधुनिक र यात्रुमैत्री बनाउन विभिन्न सुधार भइरहेका छन् ।

# पालिकाबाटै स्थायी लेखा नम्बर

गलकोट । आन्तरिक राजस्व कार्यालय बागलुङले स्थानीय तहबाटै स्थायी लेखा नम्बर (प्यान कार्ड) वितरण गर्न थालेको छ । उक्त कार्यालयको समन्वयमा यहाँको गलकोट नगरपालिका र म्याग्दीको बेनी नगरपालिकाले समेत प्यान कार्ड वितरण गर्न थालेको हो ।

गलकोट नगरपालिकाका सूचना अधिकारी राजु शाहनीले आन्तरिक राजस्व कार्यालयबाट दिँदै आएको प्यान कार्ड अब नगरपालिकाबाटै वितरण गर्न थालिएको जानकारी दिए ।

उनका अनुसार व्यक्तिगत प्यान कार्डका लागि अनलाइनमार्फत फाराम भरी ‘सबमिसन नम्बर’का आधारमा प्यान लिन सक्नेछन् ।

यसैगरी, व्यावसायिक कार्डका लागि व्यवसाय दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, जग्गाधनी पुर्जा, भाडा सम्झौता तथा सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्नेछ ।

आन्तरिक राजस्व कार्यालय प्रमुख कपिल सिलवालले पालिकाबाटै प्यान कार्ड जारी गर्ने व्यवस्था मिलाउन सुरु भएको, हाल गलकोट र बेनी नगरपालिकाबाट सेवा सुरु भइसकेको बताए । हाल कर चुक्तालगायत विभिन्न सेवा अनलाइनबाटै उपलब्ध गराइँदै र अब प्यान कार्डसम्बन्धी सेवा पनि जिल्लाका सबै स्थानीय तहमा विस्तार गर्ने तयारी भइरहेको उनले जानकारी दिए ।

स्थानीयस्तरबाटै कार्ड पाउन थालेपछि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य भएको छ ।

गलकोटबाटै उक्त कार्ड प्राप्त गरेकी ताराखोला गाउँपालिका-४ की माया घर्तीले यस सेवाले जिल्ला सदरमुकाम पुग्दा लाग्ने समय र खर्च दुवै बचत भएको बताइन् ।

**एमसीसी...**

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्ग बहादुर विष्टले सडक मर्मत आयोजना एमसीसी नेपाल कम्प्याक्टअन्तर्गतको महत्वपूर्ण परियोजना भएको उल्लेख गर्दै पारदर्शी र उच्च गुणस्तरसहित कार्य सम्पन्न गरिने प्रतिबद्धता जनाउनुभयो। शर्मा कन्स्ट्रक्सन र कुमार निर्माण सेवा प्रालिका प्रतिनिधि सौरभ शर्माले निर्धारित समयभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सडक खण्ड स्तरोन्नतिका लागि सन् २०२४ अक्टोबर ३० मा बोलपत्र आह्वान गरिएको थियो । निर्माणको जिम्मा शर्मा कन्स्ट्रक्सन र कुमार निर्माण सेवा प्रालिको संयुक्त उपक्रम शर्मा-कुमार जेभीले पाएको हो । गत पुस ७ गते एमसिए-नेपाल र निर्माण कम्पनीबीच सम्झौता भएको थियो । सम्झौताअनुसार आयोजनाको निर्माण कार्य २४ महिनाभित्र सम्पन्न गर्नुपर्नेछ। निर्माण कम्पनीले भ्याटबाहेक दुई करोड आठ लाख अमेरिकी डलर (करिब तीन अर्ब रुपैयाँ) मा काम गर्ने जिम्मा लिएको छ।

नेपाल सरकारको मापदण्डअनुसार स्तरोन्नति गरिने सडकमा गाडी गुड्ने भाग ७ मिटर चौडा र दुवैतर्फ २.५-२.५ मिटर कालोपत्रे सोल्डर रहने गरी कुल १२ मिटर चौडाइ कायम गरिनेछ।

उक्त सडक खण्डमा प्रयोग हुने फूल-डेप्थ रिक्लेमेशन र सुपरपेभ प्रविधिअन्तर्गत सडकमा प्रयोग भएका अधिकांश पुराना निर्माण सामग्री प्रशोधन गरी पुनः प्रयोग गर्न सकिनेछ। यसअन्तर्गत बालुवा, गिट्टीलगायत सामग्रीलाई पुनः प्रयोग गर्दा लागत घट्नुका साथै वातावरणीय प्रभाव पनि न्यून हुन्छ । यस प्रविधिबाट निर्माण गरिने सडक थप बलियो, टिकाउ र जलवायुमैत्री हुने बताइएको छ।

